# नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची, २०७५

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७५।०३।२०

नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ७ ले दिएको अधिकारको प्रयोग गरी सोही नियमावलीको अनुसूची -२ मा रहेका मन्त्रालयको कार्यविभाजनमा देहायबमोजिम हेरफेर गरेको छ ।

(क) क्रमसंख्या “१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय” अन्तरगत बुँदा नं. ३४ मा रहेका “सम्पत्ति शुद्धिकरण विभाग” भन्ने शब्दहरुको सट्टा “सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) क्रमसङ्ख्या १० को भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तरगत बुँदा नं. १६ मा रहेका “रज्जुमार्ग, केवलकार” भन्ने शब्दहरु झिकिएका छन् ।

(ग) क्रमसङ्ख्या “१८. सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय” अन्तर्गतको बुँदा नं. २७ पछि देहायको बुँदा नं.२७क. थपिएको छः-

“२७क. रज्जुमार्ग, केवलकार सम्बन्धी नीति, कानून र मापदण्ड;”

(घ) क्रमसङ्ख्या २० को सहरी विकास मन्त्रालय अन्तर्गतको बुँदा नं.११ पछि देहायको बुँदा नं. १क. थपिएको छः-

“११क. राष्ट्रियस्तरको पार्क, मनोरञ्जन स्थलसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;”

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय